नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

विगत केही दिन यता कास्की, मुगु लगायतका स्थानमा भएको सवारी दुर्घटनाबाट भएको क्षतिले नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । दुर्घटनामा ज्यान गुमाउने व्यक्तिहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकको यस घडीमा शोकाकुल परिवार र आफन्तजनमा समवेदनाका साथ घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

सार्वजनिक सवारी दुर्घटनामा ज्यान गुमाउनेहरुको अन्त्येष्टि तथा किरिया खर्च, मृतकका परिवारलाई उचित राहतको व्यवस्था र घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था नेपाल सरकारले मिलाउने जानकारी गराइन्छ ।

सडक तथा सवारी सुरक्षाका माध्यमबाट यातायात सेवालाई सुरक्षित बनाई नागरिकको जीउधन र सम्पत्तिको सुरक्षा गर्न सरकार प्रतिबद्ध रहेको छ । यस्ता दुःखद् घटनाहरुको न्यूनीकरणका लागि सडक तथा यातायात सम्बद्ध निकायहरु, स्थानीय प्रशासन र सुरक्षा निकायहरुलाई संवेदनशील र जिम्मेवार भई लाग्न तथा यातायात व्यवसायी, मजदुर र यात्रुहरुले समेत सुरक्षालाई पहिलो प्राथमिकतामा राखी यातायात सेवा सञ्चालन र प्रयोग गर्न गराउन नेपाल सरकार अनुरोध गर्दछ ।

२०७८/६/२६

मितिः २०७८/०६/२७

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता